# ‘धन-महिमा’ कवितामा प्रस्तुत वैदिक दर्शन

**Kaumodaki: Journal of Multidisciplinary Studies**
[A Peer-Reviewed, Open Access Journal; Indexed in NepJoL]
ISSN: 2822 - 1567 (Print); ISSN: 2822 -1583 (Online)
Published by Research Management Cell, Vinduwasini Sanskrit Vidyapeeth (Campus)
Nepal Sanskrit University, Pokhara, Nepal
https://ejournal.vsc.edu.np

**बोधराज ढकाल**
Department of Nepali, Prithvi Narayan Campus, Tribhuvan University, Pokhara, Nepal

***Article History:*** *Submitted 26 Oct. 2022; Reviewed 23 Nov. 2022; Accepted 15 Dec. 2022*
***Corresponding Author:*** *Bodha Raj Dhakal,* ***Email:*** *bodhrajdhakal026@gmail.com*
***DOI:*** *https://doi.org/10.3126/kdk.v3i1.52117*

**लेखसार**

*प्रस्तुत अनुसन्धानात्मक लेखमा लेखनाथ पौड्यालको ‘धन-महिमा’ कवितामा प्रस्तुत वैदिक दर्शनका मूलभूत मान्यताहरूको विश्लेषण गरिएको छ। धनलाई सर्वस्व ठानेर यसको पछि लागी धन थुपारेर मानिसलाई पारमार्थिक सरख नमिल्ने, जगत्को हितमा उपयोग गर्नुपर्ने धनप्रति मानिस आसक्त भई लागेर मोक्ष मार्गमा पुग्न नसकिने, प्रवृत्त मार्गमा लागेर बन्धन तथा दुःखमा मात्र पाइने, पारमार्थिक सुख नमिल्ने कर्म शुभकर्म नहुने, जति धन भए पनि सन्तुष्टि नहुने र अज्ञानताका कारण मानिस निवृत्तिमार्गमा नभई प्रवृत्तिमार्गमा लागेका जस्ता विषयहरू वैदिक दर्शनका मान्यतामा आधारित देखिन्छन् । कवितामा धनको महिमा गायन गरिए पनि अन्तर्यमा धैर्य गर्नुपर्ने, पारमार्थिक सत्य र सुखको खोजीमा लाग्नुपर्नेजस्ता वैदिक षड्दर्शनका विचारहरू कवितामा व्यक्त भएका छन् । सामग्री सङ्कलनमा पुस्तकालय विधिको प्रयोग गरिएको यस लेखमा प्राथमिक स्रोत सामग्रीको रूपमा ‘लालित्य भाग १’ कविता सङ्ग्रहमा सङ्गृहीत ‘धन-महिमा’ कविता र द्वितीय स्रोतका रूपमा वैदिक दर्शनसँग सम्बन्धित ग्रन्थहरू, समालोचनात्मक कृतिहरू, लेखहरू तथा अनुसन्धनात्मक लेखहरूलाई लिइएको छ। यहाँ वैदिक षड्दर्शनहरू (साङ्ख्य, योग, न्याय, वैशेषिक, मीमांसा र वेदान्त दर्शन)का लोभ, मोह, दुःख, मोक्ष, निवृत्तिमार्ग, अविद्या, माया, बन्धनका सम्बन्धमा रहेका मान्यताहरूलाई आधार मानेर कविताशंहरूलाई दृष्टान्त दिएर पाठपरक विधिमार्फत विश्लेषण गरिएको छ।*

**शब्दकुञ्जी :** अविद्या, तत्त्वज्ञान, पारमार्थिक, प्रवृत्तिमार्ग, निवृत्तिमार्ग, मिथ्याज्ञान, मोक्ष

## विषयप्रवेश

आधुनिक नेपाली कविताका आरम्भकर्ता लेखनाथ पौड्याल (वि.सं १९४१–२०२२) नेपाली कविताको माध्यमिक कालमा उदाएका कवि हुन् । शृङ्गारिक धारामा समस्यापूर्ति तथा फुटकर कविता श्रृजना गरेका लेखनाथ परिष्कारवादी धाराका केन्द्रीय प्रतिभा हुन् । वि.सं. १९६१-६२ देखि २०२२ सालसम्म कविता सिर्जनामा निरन्तर लागेका लेखनाथले फुटकर कविता, खण्डकाव्य, नव्यकाव्य, नाटक, निबन्ध आदि विधामा कलम चलाएका छन्। वि.सं. १९६१–६२ को कविताकल्पद्रुममा प्रकाशित श्रृङ्गारपच्चीसी र मानसाकर्षिणी कविता लेखनाथका प्रारम्भिक कविता

*Copyright 2023 © the Author(s) and the Publisher*
CC BY NC

हुन् (त्रिपाठी, २०३४, पृ. २) । पौड्यालका काव्यकृतिहरूमा *शोकप्रवाह खण्डकाव्य* (१९७०), *बुद्धिविनोद* (१९७३), *संक्षिप्त श्रीमद्‌भगवद्‌गीतासार* (१९७५), *सत्यकलिसंवाद* (१९९१), *गीताञ्जली* (१९८६), *विकसित ॠतुविचार* (१९९१), सप्त प्रश्नात्मक बुद्धिविनादको *प्रथम विनोद* (१९९४), त्याग र उदयको *युगल प्रकाश काव्य* (२००२), अमर ज्यातिको *सत्यस्मृति काव्य* (२००८), *लालित्य* (कवितासङग्रह भाग १ : २०१०), *तरुण तपसी* (नव्यकाव्य: २०१०), *मेरो राम काव्य* (२०११), *लालित्य* (कवितासङग्रह भाग २ : २०२५), *कविशिरोमणि लेखनाथका प्रतिनिधि कविता* (सम्पादित, २०४२) आदि प्रमुख रहका छन् । पाडयाल कवितामा धार्मिक एवम् सामाजिक विकृति र विसङगतिप्रति व्यङग्य, प्राकृतिक सान्दर्यप्रम, युगीनचत तथा आदर्शवादी विचार प्रस्तुत गरेका छन् । यिनका धेरैजसो कवितामा भाव र प्रसङ्गअनुसार वदिक दर्शनको प्रभाव रहको दखिन्छ । लखनाथले कविताहरूलाई आध्यात्मिक र दार्शनिक चिन्तनमार्फत उच्च उचाइ प्रदान गरेका छन् । लखनाथमा आध्यात्मिक चिन्तनका अतिरिक्त जीवन र जगतलाई हेर्न दृष्टिकाणमा पनि कवितामार्फत परिवर्तन आएको पाइन्छ (त्रिपाठी, २०६३, पृ. ट) भन्ने मतलाई विचार गर्दा यिनका कतिपय कविताहरूमा आध्यात्मिक चिन्तनको विस्तृत स्वरूप एवम् जीवन र जगतप्रतिको विरक्तिपनका भावसमत प्रकट भएको पाइन्छ । यिनले कवितामा भावानुकूल छन्द र अलङकारको प्रयाग तथा सरल र बाधगम्य भाषा एवम् उत्कृष्ट परिष्कारवादी शलीमो प्रयाग गरेका छन् । यस अनुसन्धानात्मक लखमा लखनाथ पाडयालका लालित्य कविता सङग्रह भाग १ मा सङगृहीत धन-महिमा कवितामा वदिक दर्शनका अभिलक्षणहरूलाई कसरी प्रस्तुत गरिएको छ ? त्यसको प्रभावको अवस्था कुनकुन परिवशमा के कसरी परेको छ भन्ने कुराको निराकरण गरिएको छ ।

## समस्याकथन

लेखनाथ पौड्यालका प्रायः कविताहरू वैदिक दर्शनको प्रभावबाट सृजित छन् । नेपाली समाजलाई बेथिति र विसङ्गतिबाट मुक्त गराई आदर्शोन्मुख र अध्यात्मवादी समाज निर्माणको परिकल्पना गर्दै पौड्यालले वैदिक दर्शनको प्रभावलाई आफ्ना कवितामा प्रस्तुत गरेका छन् । यस अनुसन्धानमूलक लेखको मूल समस्या लालित्य कविता सङ्ग्रह भाग १ मा सङ्गृहीत धन-महिमा कवितामा वैदिक दर्शनका अभिलक्षणहरू कसरी प्रस्तुत भएका छन् ? भन्ने रहेको छ ।

## अध्ययनको उद्देश्य

यस अनुसन्धानमूलक लेखको उद्देश्य 'धन-महिमा' कवितामा प्रस्तुत वैदिक दर्शनका अभिलक्षणहरूका विश्लेषण गर्नु रहेको छ ।

## पूर्वकार्यको समीक्षा

पौड्यालका फुटकर कविता र काव्यकृतिका सन्दर्भमा विभिन्न समालोचक, विश्लेषक, अध्येता एवम् शोधार्थीहरूले विभिन्न दृष्टिकोणबाट अध्ययन विश्लेषण गरेका छन् । लेखनाथका कविताहरू विशेष गरी 'धन-महिमा' कविताको वैदिक दर्शनका मूलभूत मान्यताका आधारमा विस्तारपूर्वक विश्लेषण नगरिए पनि वैदिक दर्शनसँग सापेक्षित रहेर भएका अध्ययन र विश्लेषणहरूमध्ये केही प्रतिनिधिमूलकलाई यस अध्ययनका लागि पूर्वकार्यका रूपमा समावेश गरिएको छ । भानु (२०२३) पत्रिकामा अभि सुवेदीले "लेखनाथको जीवनदर्शन सापेक्षित छ ?" शीर्षकको लेखमा लेखनाथको जीवनदर्शन स्वतन्त्र नभएको र उनका कवितामा विशेष गरी वेदान्तदर्शनलाई विशेष उद्‌घाटन गरेका छन् भनेका छन् । यस लेखमा उनलाई वेदान्तदर्शनको उद्‌घाटन गर्ने कविका रूपमा उल्लेख गरिए पनि उनका कुन कवितामा वेदान्तदर्शनको उद्‌घाटन कसरी गरिएको छ भनेर उल्लेख भने गरिएको छैन । भानु (२०२३)

पत्रिकामा नै कुलमणि देवकोटाले "लेखनाथ पौड्यालप्रति प्रभाव र अनुप्रभाव" शीर्षकको लेखमा वेदान्तका अनुयायी एवम् छन्दका अग्रणी कवि लेखनाथले युगको एक धाराको नेतृत्व गरेका र उनीबाटै अन्य कविहरू प्रभावित भएको उल्लेख गरेका छन् तापनि कुन कवितामा वैदिक दर्शनको प्रभाव के कसरी पर्न गएको छ भन्ने कुरा भने उल्लेख भएको पाइँदैन । वासुदेव त्रिपाठीद्वारा सम्पादन गरिएको आधुनिक नेपाली कविता (२०२८) पुस्तकमा त्रिपाठीले लेखनाथलाई संस्कृत साहित्य र दर्शनबाट प्रभावित एवम् आधुनिक काव्यधारा र विचारबाट अन्य कविलाई समेत प्रेरणा प्रदान गर्ने पूर्वीय कविता सिद्धान्तलाई आत्मसात् गर्दै आफ्नो काव्य शिल्पको कालिगडी देखाउने कविका रूपमा चित्रण गरेका छन् । आफ्ना कविताहरूमा सामाजिक वस्तुस्थितिको सफल चित्रण गरी नैतिक उपदेश दिने लेखनाथ पूर्वीय दर्शनबाट प्रभावित छन् र कवितामा प्रकृति वर्णन गर्दा पनि आध्यात्मिक चिन्तनको भावलाई व्यक्त गर्न सफल भएका छन् भनी त्रिपाठीले उल्लेख गरे पनि पूर्वीय दर्शनबाट प्रभावित उनका कविता र तिनको आधार स्पष्ट पारिएको छैन ।

नेपाली साहित्यको ऐतिहासिक परिचय (२०२९) पुस्तकमा तारानाथ शर्माले लेखनाथलाई संस्कृत छन्दका प्रयोक्ता, भाषिक परिष्कृतताका शिखर पुरुष, अध्यात्मवादी, विसङ्गतिपूर्ण विश्वलाई वेदान्तका गूढ तथ्यले भरिएका आदर्शहरूद्वारा समाज परिवर्तनको अपेक्षा गरी काव्य-कविताको सिर्जना गर्ने क्षमतावान् कवि व्यक्तित्व भएका भनी उल्लेख गरेका छन् । ईश्वरप्रतिको विश्वास र वैदिक नीतिहरूका आचरणले मात्र समाजमा मानवीय व्यवहार देख्न सकिने भाव कवितामा प्रकट गर्ने कवि हुन् भने तापनि वैदिक दर्शनको प्रभावमा लेखिएका कविता कुनकुन हुन् र तिनमा कसरी प्रस्तुत गरिएको छ ? त्यसका बारेमा उल्लेख गरिएको छैन । *सिंहावलोकन* (२०३२) नामको पुस्तकमा त्रिपाठीले लेखनाथलाई बुद्धिवादी दार्शनिक दृष्टिकोण भएका नैतिक मूल्य र आदर्शको चरित्रलाई संयुक्त रूपमा भाव र विचारको कलात्मकता दिई कविता सिर्जना गर्ने क्षमता भएका कवि भनी उल्लेख गरेका छन् । आध्यात्मिक चेतनामार्फत दैहिक जीवनलाई आध्यात्मिकताकै परिवेशबाट हेर्नँपर्ने विचार राख्ने लेखनाथ वेदान्तदर्शनका अनुयायी दार्शनिक कवि हुन् र उनका कविताको भाव र विचारमा दार्शनिकता पाइन्छ भन्ने कुरा त्रिपाठीले उल्लेख गरेका छन् । त्रिपाठीले लेखनाथलाई लोक र परलोक, राग र विरागका समन्वयकर्ता, वैदिक दर्शनका योग, वेदान्त, गीता आदिको पर्याप्त आलोकन गर्दै कविता सिर्जना गर्ने कविका रूपमा लिएका छन् । प्रस्तुत विश्लेषणात्मक लेखमा त्रिपाठीले उनलाई साङ्ख्य, योग, गीता, मीमांसा आदि वैदिक दर्शनको सन्दर्भमा वेदान्तको बढी प्रभाव परेका दार्शनिक कवि हुन् भनेका छन् । लेखनाथ पौड्यालको *कवित्वको विश्लेषण तथा मूल्याङ्कन* (२०३४) नामक पुस्तकमा त्रिपाठीले पौड्याल संस्कृत दर्शनग्रन्थको अध्ययनको प्रभावमा परेर आध्यात्मिकतातर्फ लागेका र आध्यात्मिक चिन्तनबाटै कविताको सिर्जनामा लागेका कवि भनी उल्लेख गरेका छन् । लेखनाथले यही दार्शनिक विचारबाट काव्य-कविताको रचना गर्ने दार्शनिक कवि भन्दै पौड्याललाई नेपाली कविता फाँटका स्वतन्त्र रूपमा मौलिक सिर्जनाको थालनी गर्ने कविका रूपमा चित्रण गरेका छन् । त्रिपाठीले लेखनाथका कुनकुन कवितामा वैदिक दर्शनको प्रभाव कहाँ, के र कसरी परेको छ ? भनी विश्लेषण गरेका छैनन् । लेखनाथका फुटकर कवितामा वेदान्त दर्शन (२०७७) शीर्षकको लघु-अनुसन्धान प्रतिवेदनमा लेखनाथलाई अद्वैत वेदान्त दर्शनबाट प्रभावित कवि भनेर विश्लेषण गरेका छन् । पिँजराको सुगा, जीवनचङ्गा, गौँथलीको चिरिबिरी, सत्यसन्देशहरू र आखिरी कविता कविताहरूका केही कविताशंलाई उदाहरण दिएर लेखनाथले अद्वैत वेदान्त दर्शनका मान्यताहरूलाई पूर्ण रूपमा प्रस्तुत गरेका छन् भनेर उल्लेख गरेका छन् ।

यस प्रकारका पूर्वकार्यलाई अध्ययन गर्दा लेखनाथको कवितालेखन वैदिक दर्शनबाट प्रभावित रहेको स्पष्ट मान्न सकिन्छ । यिनीहरूको अध्ययनहरूबाट लेखनाथका कवितामा वैदिक दर्शनको प्रभावका तहमा पुगेर

अध्ययन र विश्लेषण नगरिए पनि यिनीहरूको अध्ययनले लेखनाथमा पूर्वीय दर्शनको प्रभाव र त्यसले कविलाई कविता सृजनामा प्रभावित पारेको स्पष्ट हुन्छ । जे होस्, उल्लेखित अध्ययनहरूले प्रस्तुत अध्ययनका लागि लेखनाथको दार्शनिक कवि व्यक्तित्व र वैदिक दर्शनको प्रभाव बुझ्न दिशानिर्देश गरेको छ भने भन्न सकिन्छ ।

## अध्ययन विधि तथा प्रक्रिया

यो अध्ययन गुणात्मक प्रकृतिको रहेको छ। पुस्तकालय विधिमार्फत प्राथमिक र द्वितीयक स्रोतका सामग्रीहरू सङ्कलन गरिएको छ । सङ्कलित सामग्रीहरूको अध्ययन र विश्लेषणको आधार वैदिक दर्शनका मान्यताहरूलाई बनाइएको छ । यसको पुष्ट्याइँका लागि वैदिक दर्शनसँग सम्बन्धित भनाइ तथा दृष्टिकोणसँग कवितामा अभिव्यक्त कुराहरूलाई सापेक्षित रूपमा उद्धृत गरी पाठपरक विधिमार्फत धन-महिमा कविताको दृष्टान्तसहित व्याख्या र विश्लेषण गरिएको छ ।

## अध्ययनको सीमा

यो अध्ययन लेखनाथ पौड्यालको 'धन-महिमा' कवितामा प्रस्तुत वैदिक दर्शनका मूलभूत मान्यताहरूको विश्लेषणमा आधारित छ। यहाँ पूर्वीय वैदिक दर्शनअन्तर्गत रहेका षड्दर्शनहरूमध्ये 'धन-महिमा' कवितामा प्रस्तुत वेदान्त, न्याय, साङ्ख्य र योगदर्शनका मूलभूत चिन्तन बाहेकका अन्य दार्शनिक मान्यताहरू प्रस्तुत अध्ययनका सीमा रहेका छन् ।

## वैदिक दर्शन र यसका मान्यताहरू

पूर्वीय दर्शनलाई भारतीय वा प्राच्य वा पौरस्त्य दर्शन पनि भनिन्छ । पूर्वीय दर्शनमा वेद र ईश्वरका बारेमा प्रशस्त चर्चा भएका छन् । पूर्वीय दर्शनहरूलाई वैदिक-अवैदिक वा आस्तिक-नास्तिक भनेर विभाजन गरेको पाइन्छ । वेदमा आधारित दर्शन वैदिक दर्शन हो । वेदलाई अकाट्य प्रमाण मान्ने दर्शन नै वैदिक दर्शन हो । वैदिक दर्शनले वेदलाई अपौरुषेय ज्ञानको निधि मान्दछ र यसलाई आस्तिक दर्शन पनि भनिन्छ । वैदिक दर्शनहरूमा मीमांसा र वेदान्त दर्शन वेदकै जगमा आएका दर्शन हुन् भने साङ्ख्य, वैशेषिक, न्याय र योग दर्शन लौकिक विचारधाराबाट आएका दर्शन हुन् । साङ्ख्य, वैशेषिक, न्याय, मीमांसा, योग र वेदान्त दर्शनहरूलाई षड्दर्शन भनिन्छ ।

## साङ्ख्य दर्शन

आचार्य कपिलद्वारा रचित पूर्वीय दर्शन परम्पराको प्राचीन दर्शन साङ्ख्य दर्शन हो र यसको महत्त्वपूर्ण ग्रन्थ साङ्ख्यसूत्र हो । ईश्वरको अस्तित्व स्वीकार नगर्ने यो दर्शन प्रकृति र पुरुषको अस्तित्व स्वीकार्ने द्वैतवादी दर्शन हो । साङ्ख्य दर्शन सम्यक् ज्ञान दर्शन हो । प्रकृति र पुरुषको भेदज्ञान भनेकै सम्यक् ज्ञान हो (गिरी, २०५५, पृ. ४५) । सृष्टिको मूल कारण प्रकृतिलाई मान्ने र यसलाई रजो, तमो र सत्त्व (त्रिगुण) गुणले सञ्चालन गरेको साङ्ख्य दर्शनले मान्दछ । यी तीनै गुणको समान सन्तुलनमा प्रकृतिमा केही नहुने र प्रकृति आफैमा जड, अचेतन तर सक्रिय हुन्छ भन्ने यसको मान्यता छ । पुरुषको चेतनाले प्रकृति चलायमान हुँदा प्रकृति आफै भ्रममा परेर आफैलाई सबै ठान्दछ भन्ने यसको मत छ । पुरुष ज्ञाता र प्रकृति ज्ञेय रहेको र यिनीहरूको संयोगबाट सम्पूर्ण सृष्टि भएको मानिएको छ । संसार दुःखमय छ । आधिभौतिक, आध्यात्मिक र आधिदैविक दुःखबाट मान्छे पीडित रहेको र यिनीहरूबाट मुक्ति पाउनु भनेकै मोक्ष हो भन्दै यो दर्शनले दुःखको कारण अज्ञान मानेको छ ।

### योग दर्शन

महर्षि पतञ्जलिद्वारा रचित योग दर्शनको प्रमुख ग्रन्थ योगसूत्र हो । योगका माध्यमबाट परमात्मामा एकाकार हुन सकिन्छ भन्ने यसको मान्यता छ । योगलाई पतञ्जलिले व्यवस्थित गराएको हुनाले यसलाई पातञ्जल दर्शन पनि  भनिन्छ (चालिसे, २०६९, पृ. ३०) । ईश्वरलाई स्वीकार गर्ने र साधना मार्गमा जोड दिने यो दर्शनले संसारलाई त्रिविध दुःखपूर्ण मान्ने र दुःखबाट मुक्ति हुनु नै मोक्ष हो भनेको छ । यसले प्रकृतिलाई जड र पुरुषलाई चेतन मान्दै यिनीहरूको सम्पर्क स्वतः सम्पर्क नभै ईश्वरतत्त्वले सम्पर्क गराएर सृष्टि हुन्छ भन्दछ । यसले चित्तवृत्तिको निरोधलाई नै योग भन्दछ । । यम, नियम, आसन, प्राणायम, प्रत्याहार, धारणा, ध्यान र समाधि यिनै अष्टाङ्गमार्गले चित्तवृत्ति निरोध हुन्छ भन्ने यो दर्शनले समाधि अवस्थालाई मोक्ष भनेको छ ।

### वैशेषिक दर्शन

महर्षि कणादद्वारा प्रणीत वैशेषिक दर्शन विशेष नामक पदार्थको विवेचनमा आधारित भएको हुनाले यसको नाम वैशेषिक राखिएको हो (शर्मा, सन् २०१०, पृ. १६४) । यसले विशेष वा परमाणु पदार्थलाई प्रमुख मानेर अध्ययन गर्दछ । यो द्वैतवादी दर्शनले ईश्वरको अस्तित्वलाई स्वीकार गर्दछ । यो दर्शनले अज्ञानताले मोह र राग उत्पन्न गराउँछ र त्यसले दुःख सिर्जना गर्दछ भन्ने मान्यता राख्दछ । यो दर्शनले आध्यात्मिक र भौतिक विज्ञान दुवैलाई अँगालेको देखिन्छ । तत्त्व ज्ञानबाटै आत्माको साक्षात्कार हुन्छ र यसले आत्मालाई जन्ममरणको चक्रबाट मुक्त गराउँछ भन्दै दुःखनाशलाई नै मोक्ष मानेको छ । सृष्टिको मूल तत्त्व परमाणु हो र यो नित्य छ । आत्मा सर्वव्यापी र शाश्वत मान्ने यो दर्शनले एकातिर अनुमानलाई पनि प्रमाण मानेको देखिन्छ ।

### न्याय दर्शन

महर्षी गौतमद्वारा रचित न्याय दर्शनका महत्त्वपूर्ण ग्रन्थ न्यायसूत्र हो (शर्मा, सन् २०१०, पृ. १७४) । यो दर्शन प्राचीन न्याय र नव्य न्याय गरी दुई प्रकारको रहेको छ । तर्कशास्त्र र प्रमाण शास्त्रमा जोड दिने यो दर्शन द्वैतवादी दर्शन हो । ईश्वरको अस्तित्व स्वीकार गर्ने यो दर्शनले पृथ्वी, जल, तेज र वायुका परमाणुहरूमा ईश्वरको इच्छाअनुसार क्रिया उत्पन्न भई परमाणुहरू एकआपसमा जोडिएपछि जगत्को सृष्टि हुन्छ भन्ने यसको मान्यता छ। ईश्वरलाई स्रष्टा, पालनकर्ता र संहारकर्ता मानेको छ। यसले आत्मालाई स्वरूपगत रूपमा जड/अचेतन मानेको छ। आत्मामा चेतनाको सञ्चार विशेष परिस्थितिमा हुने गर्छ । ईश्वरले आत्मालाई पैदा वा नाश गर्न सक्दैन । यसले आत्मालाई प्रमुख, प्रमेय, अविनाशी, सर्वव्यापी, असीम र विभुत्व मान्दछ। यसले दुःखबाट मुक्ति पाउनुलाई जीवनको परमलक्ष्य मानेको छ । यसले आत्मालाई शरीर, इन्द्रिय र मनभन्दा भिन्न भनेको छ । अज्ञानताले गर्दा मान्छेले संसाररूपी बन्धनमा परेर दुःख पाउने गरेको यसको तर्क छ ।

### मीमांसा दर्शन

मीमांसासूत्रको रचना गर्ने महर्षि जैमिनी मीमांसा दर्शनका मीमांसक हुन् तर प्रवर्तक भने होइनन् किनभने यिनैले विभिन्न पूर्व मीमांसक भनेर उल्लेख गरेका छन् (शर्मा, सन् २०१०, पृ. १९२) । तर पूर्व मीमांसकहरूका कृतिहरू भने उपलब्ध छैनन् । मीमांसा दर्शन वैदिक कर्मकाण्डमा आधारित  छ । यसले वेदनिर्देशित कर्मकाण्डलाई विशेष जोड दिन्छ । द्वैतवादी यो दर्शनले ईश्वरलाई कम महत्त्व दिएको  पाइन्छ । यो दर्शन धर्म, कर्म र आचरणको त्रिकोणात्मक चिन्तनमा केन्द्रित रहेको छ । कर्म कसरी गर्ने र यसबाट कुन फल प्राप्त हुन्छ त्यसमा यो चिन्तन केन्द्रित छ ।

## वेदान्त दर्शन

वेदान्त शब्द वेद+अन्त प्रक्रियाबाट बनेको हो, जसको अर्थ वेदको अन्तिम मात्र भन्ने बुझिन्छ । 'वेदानां अन्तः सार इति' भन्ने पक्षलाई हेर्दा वेदान्तलाई वेदको सारतत्त्व भएको शास्त्र भन्ने बुझिन्छ (शर्मा, २०६१, पृ. १५४) । वेदान्तमा वेद तथा उपनिषद्हरूमा वर्णित सिद्धान्तहरूको सारांश रहेको छ । वेदान्त दर्शन उपनिषद्, ब्रह्मसूत्र र गीतामा आधारित छ र यसमा उपनिषद् विरोधी विचारहरूको खण्डनसमेत गरिएको छ । वेदान्त दर्शनको मूलग्रन्थ ब्रह्मसूत्रका प्रणेता वादरायणलाई मानिएको छ । उपनिषद्का सम्पूर्ण सिद्धान्तहरूलाई एउटै मालामा उनेर ब्रह्मसूत्रको रचना गरिएको छ (गिरी, २०५५, पृ. ५४) । गिरीको यस भनाइले पनि ब्रह्मसूत्र वेदान्त दर्शनको मूल ग्रन्थ हो भन्ने बुझाउँछ । वेदान्त दर्शनका विभिन्न सम्प्रदायहरू देखापरेका छन् । शङ्कराचार्यको अद्वैत वेदान्त, रामानुजाचार्यको विशिष्टाद्वैत, निम्वार्काचार्यको द्वैताद्वैत, बल्लभाचार्यको शुद्धद्वैतवाद, माधवाचार्यको द्वैताद्वैत आदि रहेका छन् । यिनीहरूमध्ये शङ्कराचार्यको अद्वैत वेदान्त दर्शनले ब्रह्म अर्थात् आत्मालाई एक मात्र सत्य मान्दछ । यसले ब्रह्मबाहेक अरु कुनैको सत्ता स्वीकार गर्दैन । ब्रह्म नै सत्य हो, जगत् मिथ्या हो, जीव नै ब्रह्म हो र ब्रह्मबाट भिन्न छैन । ब्रह्मको मायासँग सम्पर्क हुँदा सम्पूर्ण जगत् उत्पत्ति भएको भान माात्र हुने हो । जसरी समुन्द्रको पानीबाट तरङ्गहरू तरङ्गित हुँदा बेग्लै अस्तित्व लाग्छन् त्यसरी नै मायाका कारण संसारको भ्रम परेको हो । समुन्द्रको पानीभन्दा बाहेक ती तरङ्गको अस्तित्व नभए जस्तै ब्रह्मभन्दा बाहेक अरुको पनि अस्तित्व छैन । यो दर्शनले ईश्वरको अस्तित्व स्वीकार गरे पनि यसलाई ब्रह्मको विवर्त रूप मान्दछ र मायाका कारण ईश्वर व्यावहारिक रूपमा सत्य लागेको हो भन्दछ । ब्रह्म निराकार, निर्विशेष, व्यक्तित्वहीन, भेदशून्य, चित्त्, अनिर्वचनयीय, आनन्दमय, सच्चिदानन्द स्वरूप, भेदरहित र निर्गुण छ तर शून्य छैन । आत्मा नै ब्रह्म हो, ब्रह्म नै आत्मा हो । आत्म साक्षात्कारबाट ब्रह्मज्ञान प्राप्त भएपछि मोक्ष प्राप्त हुन्छ भन्ने यसको मान्यता रहेको छ । अविद्याले गर्दा द्वैतभाव आएर मानिसमा बन्धन उत्पन्न भई दुःखसुखको अनुभव भएको हो भन्ने यसको मान्यता छ । जब जीव र ब्रह्मको भेद हट्छ, त्यसपछि बन्धनको अन्त भई मोक्षानुभूति हुन्छ (सिन्हा, सन् १९९९, पृ. ३१४) । ब्रह्मज्ञानले भेदभावको अन्त्य गर्दछ र मोक्ष प्राप्त हुन्छ । यही मोक्ष भनेकै आनन्दानुभूति हो भन्ने यसको मान्यता रहेको छ ।

## 'धन-महिमा' कवितामा प्रस्तुत वैदिक दर्शन

'धन-महिमा' कविता उपेन्द्रवज्रा छन्दमा संरचित चौंतीस श्लोकको रहेको छ । यस कवितामा धनको महिमाका सन्दर्भमा चर्चा गरिएको छ । धन के हो ? यसको आवश्यक किन छ ? यसबाट हुने कार्य केके हुन् ? भन्ने प्रश्नहरूका बारेमा विमर्श यस कवितामा गरिएको छ । सांसारिक जीवनमा व्यावहारिक रूपमा धनको आवश्यकता र महत्त्व छ तापनि यसको उपयोग मानव हित एवम् जगत्को कल्याणका लागि हुनु पर्नेमा त्यो नगरी मानिसले वैयक्तिक स्वार्थ पूर्तिका निम्ति देखाएको आसक्तिप्रति यस कवितामा व्यङ्ग्य प्रस्तुत गरिएको छ । धनलाई परहितमा लगाई यसको सारतत्त्व बुझी मानिस मोक्षको मार्गमा लाग्नु पर्नेमा नलागी भौतिक धनसम्पत्तिमार्फत सुख भोग गर्नतिर मरिहत्ते गर्ने मानव प्रवृत्तिमाथि यस कवितामा कविले व्यङ्ग्य गरेका छन् । मानिसले धनलाई सर्वस्व ठानेर यसकै पछि लागेको छ । धनबाटै यावत सुख मिल्छ भन्ने भ्रममा परेर मान्छे सांसारिक जीवनमा रुमल्लिएको छ । मानिसले सांसारिक विषयवासनामा रमाएर आफूले आफैलाई सक्षम र विवेकी ठानी अहङ्कारी, बुद्धिमानी, अभिमानी बन्नुको कारण अज्ञानता हो । अविद्याको अधीनमा रहने जीव निरन्तर सुखदुःखको भागी भइरहन्छ (सरस्वती, २०६०, पृ. ९०) भन्ने वेदान्त दर्शनको विचारसँग कवि सहमत रहेका छन् । यही सुखका निम्ति धनलाई सर्वथोक ठानेर यसका पछि लाग्ने मानवस्वभावलाई कविले यस कवितामा यसरी प्रस्तुत गरेका छन् :

धनै भए लभ्य छ गाँस, बास
धनै भए मात्र रहन्छ सास ।
धनै छ सर्वोत्तम सार जे छ
सबै धनैमा लटकी-रहेछ ॥ (श्लोक ५) (पौड्याल, २०३२, पृ. ६९)

व्यावहारिक रूपमा हेर्दा जीवन निर्वाहका लागि धनले सहजता दिन्छ र यसको अभावमा भौतिक जीवन जिउनका लागि कठिन हुन्छ । भौतिक रूपमा मानिसलाई आनन्द दिलाउने वस्तु धन हो भन्नु भनेको अविद्या हो । यसले गर्दा मानिसले धनलाई भगवान्‌भन्दा बढी महत्त्व दिएको हो । अविद्याकै कारण जीव सांसारिक विषयवस्तुमा रमाउँछ । अविद्याका कारण विभिन्न प्रकारका भेद प्रतीत हुन्छन् (सांकृत्यायन, सन् १९९२, पृ. ८१६) । अविद्याले अवास्तविकलाई पनि वास्तविक भान गराइदिँदा मानिस यसरी धनको पछि लागेको हो । कविले यही वेदान्त दर्शनलाई उद्‌धृत गरेर मानिसलाई व्यावहारिक सत्ता(सबै धनैमा लटकी-रहेछ)को पछि नलागी पारमार्थिक सत्ताको पछि लाग्नु राम्रो हो भन्ने सन्देश दिएका छन् ।

कवितामा सांसारिक जीवनमा भौतिक सुखका खातिर धनबाट आफूले अपेक्षा गरेका सबै वस्तु प्राप्त गर्न सकिए पनि आत्मिक आनन्द भने यसबाट प्राप्त हुन सक्दैन भन्ने कविको धारणा प्रकट भएको पाइन्छ । भौतिक कुरा भनेका क्षणभङ्गुर हुन् । धन क्षणिक वस्तु हो । त्यसैले मनुष्यले धनमा भन्दा तत्त्वज्ञान प्राप्तिमा आफूलाई प्रवृत्त गराउनुपर्दछ (सिंह, सन् १९९६, पृ. ५४५) भन्ने चिन्तनबाट यस कवितामा कवि प्रभावित देखिन्छन् । जसरी महादेव शिवको मायाजालले संसार ढाकेको छ त्यसरी नै धनको मोहले मानिसको ज्ञानलाई ढाक्दा मानिस धनका वशमा परी धनलाई नै सर्वस्व ठान्न पुगेको छ भन्ने विचार कवितामा यसरी व्यक्त भएको छ :

कसेर चारैतिरबाट ल्याई ।
नचाउने नित्य मनुष्यलाई ॥
रहेछ एकै धन-नाम खास ।
महेशको मोहन मन्त्र-पास ॥ (श्लोक ६)

यसरी कविले धनले चारैतिर बन्धनमा पारी मानिसलाई धनकै महिमा गाउन बाध्य पारेको र यसकै इशारामा मानिस नाचेको छ भन्ने विचार यस कवितांशमा उल्लेख गरेका छन् । जीवलाई स्वतन्त्र र मुक्त हुन नदिने तत्त्व बन्धन हो र अज्ञानताले गर्दा जीवमा द्वैतको बोध भएको अवस्थालाई वेदान्त दर्शनले बन्धन मानेको छ (शर्मा, २०७४, पृ. ७६) । यहाँ धनलाई खास मान्नु भनेकै जीवमा जीवभाव रहनु हो । संसारमा धनले मान, इज्जत, प्रतिष्ठा दिन्छ भन्ने भ्रममा परेर मानिस महेशको मन्त्रपासभन्दा धनको मोहजाल परेको विचार कवितांशमा रहेको छ । यो महेशको मोहन मन्त्रपास भन्ने प्रसङ्ग वेदान्तदर्शनमा रहेको ब्रह्म र मायाप्रतिको धारणासँग मेल खाएको देखिन्छ । मानिसले धनलाई नै अतिआवश्यक वस्तुदेखि समाजमा आफ्नो वैभवजन्य अहङ्कार प्रकट गर्ने माध्यम पनि बनाएको देखिन्छ । एकातिर मानिसले धनलाई खास मानेको भनेर धनको महिमा गान गरेका छन् भने अर्कोतिर महेशको मोहन मन्त्रको प्रसङ्ग दिएका छन् । यो कविमा रहेको विरोधाभासप्रर्ण विचार हो । धन यस प्रकारका रूपमा देखिए पनि मानवका लागि मनुष्यताको पहिचान दिने वस्तु बन्नु पर्ने विचार कविको रहेको छ । यो ब्रह्माण्ड रहेसम्म धनको प्रभाव रहिरहने, महल होस् वा कुटी, राजा होस् कि भिक्षु, देवता होस् वा देव सर्वत्र धनको प्रभाव रहन्छ र मानिसले बाँचुन्जेल धनप्रतिको आसक्तिलाई अँगालिरहन्छ भन्ने कुरालाई कविले कवितामा यसरी प्रकट गरेका छन् :

गुणी, विवेकी, कवि, साधु, सन्त

बडे बडे पण्डितजी, महन्त ।
सबै जनाका धन देखदामा
हुने दुवै नेत्र बिछट्ट लामा ॥ (श्लोक १५)

मायाले ज्ञानलाई ढाकिदिँदा मानिसमा अज्ञानता उत्पन्न हुन्छ । बन्धन हाम्रै अज्ञानताको कारण हुने हो (गिरी, २५५, पृ. ९०) भन्ने अद्वैत वेदान्त दर्शनको मान्यता रहेको छ । यही अज्ञानताले गर्दा आजको मानिस निवृत्तिमार्गमा नभई प्रवृत्तिमार्गमा लागेको कुरा कवितांशमा उल्लेख छ । सांसारिक जीवनबाट विरक्तिएर साधु-सन्त बनेका मान्छे पनि धनका पछि लागेका र मोक्षको मार्गलाई उपेक्षा गरेको देख्दा कवि अचम्मित परेका छन् । धनले विद्वान्, साधुजन आदि सबै धनका भिखारी बनेका र समाजमा मानिसको मूल्याङ्कन पनि धनकै सापेक्षतामा हुने गरेको कुरा कविले कवितामा यसरी प्रस्तुत गरेका छन् ।

धनै छ आराध्य, धनै प्रणम्य
धनै महामान्य र पूज्य रम्य ।
धनै यशोमूल, धनै प्रतिष्ठा
सबै कुराको धनमा छ निष्ठा ॥ (श्लोक १८)

मानिसहरूले जीवनको सारतत्त्व धनलाई नै देखेका र आदर्शका कुराहरू, देखावटी धार्मिकपन, धाक, रवाफ आदि सबैको कारण धनलाई मानेको प्रसङ्गमार्फत धनको प्रभावमा परेर मानिस मनुष्यताबाट विमुख हुँदै गएको कुरा कविले व्यक्त गरेका छन् । कविले आजको मानिसले मानवीय कार्यलाई वास्ता नगरी धनलाई नै साध्य मानेर यसैमा लिप्त भई आध्यात्मिकतालाई उपेक्षा गरेको कुरा उल्लेख गरेका छन् । अज्ञानात्मक भान नै बन्धन हो, डोरीलाई सर्प ठाने जस्तै हो । बन्धनको कारण माया हो । सम्पत्तिप्रतिको मोह बन्धन हो । सांसारिक कुराप्रतिको मोह नै बन्धन हो । भौतिक सुखप्रतिको आकर्षण बन्धन हो । मायिक शक्तिले गर्दा जीवले आत्मालाई शरीर, इन्द्रिय आदि ठानेर ऊ बन्धनमा पर्दछ ।

सांसारिक विषय वासनाप्रतिको लगाव नै बन्धन हो । वैशेषिक दर्शनले मानिसमा अविद्याका कारण मिथ्याज्ञान उत्पन्न हुन्छ, दोषपूर्ण ज्ञान नै अविद्या हो र अविद्या नै दुःख हो भनेको छ (शर्मा, सन् २०१०, पृ १७१) । अविद्याले गर्दा मानिस भौतिक सुखसुविधा र जीवनप्रति मोह राख्दछ र बन्धनमा पर्दछ । अविद्याका कारण मिथ्याज्ञान उत्पन्न हुने र यसबाट मानिसको चित्त प्रवृत्त मार्गमा लागि मन चञ्चल हुन्छ र बन्धनमा पर्दछ भन्ने विश्वास योगदर्शनको रहेको छ (आचार्य, २०५९, पृ. ११) । अविद्या वा विपर्यज्ञान नै अज्ञानता हो र अज्ञानताका कारण चित्तमा विकार आउँछ र बन्धनमा पर्दछ । यही अज्ञानताले गर्दा मानिसले धनसम्पत्ति कमाउनुलाई ईश्वरप्राप्तिभन्दा ठूलो मान्न पुगेको भाव कविले यहाँ प्रस्तुत गरेका छन् । धनलाई नै भाग्य, मुक्ति, दुःख निवारक, सुख एवम् स्वर्गको प्रतीकका रूपमा लिने मानिसहरूलाई धन मात्र सबै वस्तु होइन, अन्तिम अवस्थामा धनले हामीलाई केही दिँदैन भनी वास्तविक सार के हो ? भनी त्यसतर्फ मनन गर्नुपर्छ भनी पारमार्थिक सत्य बुझ्नका लागि कविले मानिसहरूलाई आग्रह गरेका छन् । आजको मानिस भौतिक सुखसुविधाप्रति चरम आकाङ्क्षित छ । शास्त्रज्ञान र आत्मचिन्तनमा उसको कुनै रुचि छैन । धनसम्पतिबाट मात्र वैभवता र ऐश्वर्यता प्राप्त हुन्छ भन्ने कुरामा विश्वस्त छ । मानिसहरूले धन आर्जन गरी श्रेयसकर मिल्ने देखेका कुरालाई कविले यसरी व्यक्त गरेका छन् :

लिएर शास्त्रीय ठुला किताप ।
बढाउने हो किन दुःख, ताप ॥
तवर्गका अन्तिम वर्ण खालि ।

पढी दुईटा वन भाग्यशाली ॥ (श्लोक २१)

कविले शास्त्रहरूको अध्ययन, चिन्तन र मनन गर्नुभन्दा तवर्गका अन्तिम वर्ण ध र न अर्थात धन कमाएर भाग्यशाली हुने कुरामा मानिसको ध्यान गएको विषयलाई व्यङ्ग्य गरेका छन् । तत्त्वज्ञानबाट त्रितापको अन्त्य हुने कुरा र भाग्यवादी धारणालाई मूल्याङ्कन गर्दा कवितांशमा वैदिक दर्शनका अभिलक्षण स्पष्ट प्रकट भएको मान्न सकिन्छ । न्यायदर्शनमा लोभ, तृष्णा, इच्छा आदिका कारण दुःखको जन्म हुन्छ भनी दुःखलाई मानवीय स्वाभाविक गुण भनेको पाइन्छ (आचार्य, २०५९, पृ. २४) । यहाँ मानिसले धनप्रति देखाएको आसक्तता भनेको लोभ हो । सांसारिक जीवनमा धनजस्ता भौतिक कुराहरू दैनन्दीय रूपमा जीवनयापनका लागि व्यवहारतः आवश्यक देखिए पनि पारमार्थिक रूपमा यसलाई सुखको आधार भने मान्न सकिन्न । वैशेषिक र न्यायदर्शनहरूका बिचमा निकट सम्बन्ध रहेको र जीव, वगत्, माया, बन्धन, मोक्ष, ईश्वर, परमाणुसम्बन्धी अवधारणा एउटै छ (गिरी, २०५५, पृ. ५२) । यसले मानिसलाई सुख दिनुको सट्टा झन तनाव र असन्तुष्टि दिएको छ तापनि मानिस धनकै पछि लाग्न छाडेको छैन । मानिसमा असल गुणहरू भएर पनि धनलाई नै बढी महत्त्व दिएको र धन हुनु र नहुनुलाई भाग्यसँग जोडेर हेर्ने मिथ्याज्ञान प्रवृत्ति(गिरी, २०५५, पृ. ५२)लाई नेपाली समाजको चरित्रसँग सापेक्षित रूपमा कविले कवितामा यसरी प्रस्तुत गरेका छन् :

सुरूपधारी छ, गुणी, युवा छ ।
प्रवृत्ति लोकोत्तर कर्ममा छ ॥
परन्तु पैसा नभए अभागी ।
गनिन्छ छोटो मतिहीन दागी ॥ (श्लोक २२)

मानिस जति नै रूपवान्, गुणवान् र चरित्रवान् होस् उसलाई मूल्याङ्कन गर्दा आजको मानिसले धनलाई नै विशेष महत्त्व दिने गर्दछन् । समाजले प्रवृत्त मार्गमा लागेको वैरागीलाई पनि धनकै आधारमा अभागी र दोषी देख्ने गर्दछन् । यस कवितांशमा लोकोत्तर, अभागी, प्रवृत्त मार्गजस्ता मान्यताहरूलाई कविले प्रस्तुत गरेर वैदिक दर्शनको प्रभाव कवितामा रहेको देखाएका छन् । धन छ सबै शुभ छ र धन छैन सबै अशुभ छ भन्ने मानिसको सोचाइलाई कविले यस कवितामा यसरी व्यक्त गरिएको छ :

धनै छ यागाऽऽदिक-धर्म-हेतु ।
धनै छ भाग्योदधिमाथि सेतु !
धनै भए मान्दछ राहु केतु ।
धनै छ सर्वोत्तम भाग्य-केतु ॥ (श्लोक २७)

समाजमा यज्ञयज्ञादि र धर्मको कारण धनलाई नै मानिँदै आएको छ भने धनकै सापेक्षतामा भाग्य र ग्रहहरूलाई शुभाशुभका रूपमा लिइएको कुरा यस कवितांशमा उल्लेख गरिएको छ । मानिस धनलाई सबै गुणले भरिपूर्ण वस्तु मानेर यसैको पछि लोगको छ । धनप्रतिको मोह भनेको भौतिक वस्तुप्रतिको मोह हो । पारमार्थिक रूपमा धन जति भए पनि पुग्दैन तापनि मानिस यसैलाई पाउन अनेक कर्म गर्दछ । जुन कर्म गरेर सुख मिल्दैन त्यो शुभकर्म हुन सक्दैन । शुभकर्मको अनुष्ठानबाट सुख र अशुभकर्मप्रति प्रवृत्त हुनाले दुःख प्राप्त हुन्छ भन्ने मान्यताप्रति मीमांसादर्शनको विश्वास रहेको पाइन्छ (शर्मा, सन् २०१०, पृ. २१०) । यहाँ मीमांसा दर्शनको मान्यता आकर्षित भएको पाइन्छ । । कविले धनको पछि लाग्ने मानिसलाई वास्तविक सत्य के हो वा आखिरीमा सारत्त्व भनेको के हो ? बुझ्न र मनन गर्न सुझाएका छन् । कविले मानिसलाई भौतिक लालसा वा धनभन्दा परको पारमार्थिक सत्य जान्न र यथार्थज्ञान प्राप्त गर्न कवितामा यसरी व्यक्त गरेका छन् :

कमाइ पैसा धनधान्य-शाली
बनेर ऐनातिर एकपालि ।
लगाउ आँखा, मनमा विचार
यथार्थमा कौन रहेछ सार ? ॥ (श्लोक २८)

कविले यस कवितांशमा मानिसलाई धनको पछि लागेर धनसम्पत्ति कमाएर जस्तोसुकै भौतिक वैभवता प्राप्त गरे पनि एक पटक संयम भएर मनरूपी ऐनालाई भित्री आँखाले विचार हेरी वास्तविक सारतत्त्व के रहेछ ? बुझ्न अनुरोध गरेका छन् । पारमार्थिक सत्यबोध गरेपछि मात्र मानिसको चेतना खुल्दछ र अविद्या नाश भई धनप्रतिको आसक्तता हटी प्रवृत्तिमार्गबाट दूर भई निवृत्तिमार्गमा लाग्दछ भन्ने विचारलाई कविले यस कवितांशमा व्यक्त गरेका छन् । यहाँ मानिसलाई भौतिक सुखसुविधातर्फ नलागी आध्यात्मिकतातर्फ लाग्न अनुरोध गरिएको छ । तत्त्वज्ञानपछि मानिसले भौतिक सुख-सुविधाप्रतिको अतिशय मोह त्यागेर दुःखको निवृत्तिमा लाग्दछ भन्ने वैदिक दर्शनका मान्यता र विश्वाससँग मिल्दा विचारहरू कवितामा व्यक्त भएका छन् । मानिसले धनबाट सबै भौतिक वस्तु प्राप्त गर्न सके पनि परमानन्द प्राप्त गर्न सक्दैन भन्ने विचारलाई कविले कवितामा यसरी व्यक्त गरेका छन् :

धनाऽभिधा कल्पलता चढाई
शिंगार यो जीवन-वृक्षलाई ।
यसो भएदेखि विना-प्रयास
बहन्छ साऽऽनन्द सदा सुवास ॥ (श्लोक ३४)

कविले यस कवितांशमा धन नामक जुन वस्तु छ त्यसलाई कल्पलतामा चढाई परमात्मालाई सुम्पेर यो मानव चोलालाई सारयुक्त बनाउन सुझाएका छन् । तत्त्वज्ञानद्वारा यो जीवनरूपी वृक्षलाई सिँगार्न पनि अनुरोध गरेका छन् । जीवनमा सुवास तत्त्वज्ञानबाट प्राप्त हुने उल्लेख गर्दै कवितांशमा कविले सानन्दमार्फत मानिसलाई मोक्षमार्गमा प्रवृत्त गराउन खोजेका छन् । आध्यात्मिक तत्त्वबोधको उन्नताबाट मोक्षमार्गमा लाग्न सकिने भनी कविले मानिसलाई प्रवृत्तिमार्गबाट निवृत्तिमार्गमा लाग्न वेदान्त दर्शनको अद्वैत चिन्तनलाई यस कवितांशमा प्रस्तुत गरेका छन् । यसरी कविले यस कवितामा वैदिक दर्शनअन्तर्गत रहेका साङ्ख्य, वैशेषिक, न्याय, मीमांसा, योग र वेदान्त दर्शनका मान्यताहरूलाई प्रस्तुत गरेको पाइन्छ ।

## निष्कर्ष

'धन-महिमा' कवितामा धनजस्तो क्षणिक वस्तुलाई मानिसले दिएको महत्त्वलाई विषयवस्तु बनाएर प्रस्तुत गरिएको छ । कवितामा जगत्को हितमा लगाउनुपर्ने वस्तुप्रति मानिसले देखाएको वैयक्तिक आसक्ततामाथि व्यङ्ग्य प्रकट गरिएको छ । धनको पछि लागेर मानिस मोक्षको मार्गमा पुग्न सक्दैन भन्ने वेदान्त दर्शनको मान्यतालाई यस कवितामा व्यक्त गरिएको छ । धनलाई सर्वस्व ठान्नु, धनको पछि लाग्नु र धन थुपार्नु मानिसका लागि दुःख हो भन्ने योग र साङ्ख्य दर्शनले अँगालेका मान्यताबाट प्रभावित कुराहरू कवितामा प्रस्तुत गरिका छन् । न्याय दर्शनले अगाडि सारेका अज्ञानताका कारण मानिस धनदौलत, मानमर्यादा, प्रतिष्ठा आदि खोज्ने, प्रवृत्तिमार्गमा लाग्ने र दुःखमा पर्ने विचारहरूसँग कवितामा प्रस्तुत धन आर्जनको पछि लागेका मानिसको प्रसङ्ग सापेक्षित भएर आएको पाइन्छ । कवितामा मानिसको धनरूपी भौतिक सुखसुविधाप्रतिको मोह अविद्याका कारणले भएको हो भन्ने विचार वैशेषिक र योग दर्शनका अविद्याका कारण मानिसको चित्त प्रवृत्त मार्गमा लागी मन चञ्चल हुन्छ र बन्धनमा पर्दछ भन्ने मान्यतासँग सापेक्षित देखिन्छ । लोभले गर्दा धनप्रति आसक्तता बढेको र यसले दुःख दिन्छ भन्ने कुरा

न्याय दर्शनको चिन्तनसँग मेल खाएको देखिन्छ । यस कवितामा प्रस्तुत धन क्षणिक हो, एकपछि अर्को दुःख थपिँद जान्छ र दुःखको अन्त्य हुँदैन भन्ने विचारहरू वैशेषिक, साङ्ख्य र योगको मान्यताबाट प्रभावित विचारहरू रहेका छन् । धन जति कमाए पनि नपुग्ने र सन्तुष्टि नहुने कुरा मीमांसा दर्शनको जुन कर्म गरेर सुख मिल्दैन त्यो शुभकर्म हुन सक्दैन भन्ने मान्यता छ त्यसबाट प्रभावित रहेको देखिन्छ । कवितामा धन कमाउन दुःख, त्यसको रक्षामा लाग्नु दुःख, खर्च भए झन दुःख हुन्छ भन्ने साङ्ख्य दर्शनसँग सम्बद्ध विचारहरू कवितामा आएका छन् । अज्ञानतका कारण मानिस निवृत्तिमार्गमा नभई प्रवृत्तिमार्गमा लागेको प्रसङ्ग अद्वैत वेदान्त दर्शनको बन्धन हाम्रै अज्ञानताको कारण हुने हो भन्ने मान्यतामा आधारित देखिन्छ । कवितामा अभिधात्मक रूपमा धनको गुणगान गरिएको व्यावहारिक तथ्य भए पनि धैर्य गर्नुपर्ने, पारमार्थिक सत्यको खोजीमा लाग्नुपर्ने, तत्त्वबोध गर्नुपर्ने, यथार्थज्ञान प्राप्तिमा लाग्नुपर्ने, दुःखबाट दुःख उत्पन्न हुने, अज्ञानता नै दुःखको मूल कारण भएको, लोभले दुःख जन्मनेजस्ता विचारहरू प्रस्तुत भएका छन् । यी विचारहरू वैदिक दर्शनका अभिलक्षणबाट प्रभावित देखिन्छन् त्यसैले धन-महिमा कवितालाई वैदिक दर्शनबाट प्रभावित कविता मान्न सकिन्छ ।

## सन्दर्भसूची


आचार्य, श्रीराम शर्मा (सम्पा.) (२०५९). *न्याय एवं वैशेषिक दर्शन.* ब्रह्मवर्चस् शान्तिकुञ्ज ।

गिरी, स्वामी रामनन्द (२०५५). *जनक दर्शन* (अनु. रामहरि तिमिल्सिना). जनक शिक्षा सामग्री केन्द्र ।

चालिसे, नारायण (२०६९). *पूर्वीय दार्शनिक मान्यतामा कोइरालाका उपन्यास.* वी.पी. चिन्तन केन्द्र ।

ढकाल, बोधराज (२०७७). *लेखनाथका फुटकर कवितामा वेदान्त दर्शन.* [अप्रकाशित लघु-अनुसन्धान प्रतिवेदन]. अनुसन्धान समिति, पृथ्वीनारायण क्याम्पस ।

त्रिपाठी, वासुदेव (२०२८). *आधुनिक नेपाली कविता.* नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

.............. (२०३२). *सिंहावलोकन* (दोस्रो संस्क.). साझा प्रकाशन ।

.............. (२०३४). *लेखनाथ पौड्यालको कवित्वको विश्लेषण तथा मूल्याङ्कन.* पाठ्यक्रम विकास केन्द्र, त्रिभुवन विश्वविद्यालय ।

.............. (सम्पा.) (२०६३). *लेखनाथका प्रमुख कविता* (तेस्रो संस्क.). साझा प्रकाशन ।

देवकोटा, कुलमणि (२०२३). लेखनाथ पौड्याल–प्रतिप्रभाव र अनुप्रभाव. *भानु* ३/८. पृ. ८७–८९ ।

पौड्याल, लेखनाथ (२०३२). *लालित्य भाग 1* (चौथो संस्क.). साझा प्रकाशन।

शर्मा, अर्जुनदेव (२०६१). *भारतीय दर्शनहरूमा के छ ?.* प्रवेश प्रकाशन प्रा.लि.।

शर्मा, चन्द्रधर (सन् २०१०). *भारतीय दर्शन आलोचना और अनुशीलन* (द्वितीय संस्क.). मोतीलाल बनारसीदास ।

शर्मा, तारानाथ (२०२९). *नेपाली साहित्यको ऐतिहासिक परिचय.* सहयोगी प्रकाशन।

शर्मा, पुण्यप्रसाद (२०७४). *दौलतविक्रम विष्टको ज्योति ज्योति महाज्योति उपन्यासमा अद्वैत वेदान्त दर्शनको प्रभाव.* [अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध]. नेपाल संस्कृत विश्वविद्यालय ।

सरस्वती, श्री १००८ परमहंस स्वामी सच्चिदानन्द (२०६०). *वदान्त विज्ञान.* खप्तड आश्रम प्रकाशन समिति ।

सांकृत्यायन, राहुल (सन् १९९२). *दर्शन दिग्दर्शन* (दोस्रो संस्क.). किताब महल ।

सिंह वी. एन. (सन् १९९६). *भारतीय दर्शन.* स्टुडेन्टस फ्रेन्ड्स एन्ड कम्पनी ।

सिन्हा, हरेन्द्रप्रसाद (सन् १९९९). *भारतीय दर्शनकी रूपरेखा* (पञ्चम संस्क.). मोतीलाल बनारसीदास ।

सुवेदी, अभि (२०२३). लेखनाथको जीवनदर्शन सापेक्षित छ ?. *भानु* ३/८. पृ. १४२–१५७ ।